**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु पदमबहादुर बुचा, बिशाल भण्डारी, सन्तोष बुढा र विरजन भण्डारी मु.नं (०८०-CR-०१७५) फैसला मिति २०८१/०८/०५ | गैरकानूनी लाभ हानी पुर्याउने बदनियत ले कार्य गरेको एंव गलत प्रतिवेदन पेश गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>•**प्रतिवादी कालिका मा.वि.पुलाहाँ, कालिकोटका प्रधानाध्यापक पदमबहादुर बुचाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई बिगो रु.८,५१,३९२।६९ (अक्षररुपी आठ लाख एकाउन्न हजार तीन सय बयानब्बे रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन, साथै **निज प्रतिवादी पदमबहादुर बुचाले** सोही ऐनको दफा १७ बमोजिमको कसुरमा रु.२,००,०००।— बिगो कायम गरी सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सजाय गरी बिगो असुलउपर हुन,<br>•**प्रतिवादीहरु कालिका माध्यमिक विद्यालय, पुलाँहा, कालिकोटको विद्यालय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष मानबहादुर भण्डारीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन,<br>• **प्रतिवादीहरु पलाँता गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयका तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत राजबहादुर बम, सिभिल सब इन्जिनियर माधवकुमार भट्ट र असिष्टेण्ट सब इन्जिनियर हिक्मत प्याकुरेलले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई बिगो रु.८,५१,३९२।६९ (अक्षेरुपि आठ लाख एकाउन्न हजार तीन सय बयानब्बे रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•प्रतिवादी वीरजन भण्डारीको हकमा निजले आरोपित कसूरमा इन्कार रही बयान गरेको, सम्झौता कागज भन्दा कम रु.२७,००,०००।– मात्र भुक्तानी पाएको, मिसिल संलग्न प्रमाण कागजातबाट उक्त भवनको पिल्लर नै कम राखी विभिन्न परिमाणमा कम कार्य गरी रकम लिन खान यी प्रतिवादीले अन्य प्रतिवादीसँग बदनियत पूर्वक मिलेमतो गरेको भन्ने देखिन आएन।<br>•अन्य प्रतिवादीहरु सन्तोष बुढाको बैंक खातामा रु. २,००,०००।-(दुई लाख रुपैयाँ) भुक्तानी गरेको देखिन आएको भनी उक्त रकम लिने प्रतिवादी सन्तोष बुढा, उक्त रकम भुक्तानी दिने विद्यालयको प्रधानाध्यापक प्रतिवादी पदम बहादुर बुचा र लेखापाल विशाल भण्डारी उपर आरोप दावी सम्बन्धमा उक्त रकम आरोपपत्र दायर हुनु भन्दा अगाडी नै लेखा | •**प्रतिवादी विद्यालय व्यवस्थापन समितिका तत्कालिन सदस्य विरजन भण्डारीको हकमाः-** विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSDP) अन्तर्गत श्री कालिका माध्यमिक विद्यालय, पुलाँहा, कालिकोटमा ४ कोठे बहुवर्षीय विद्यालय भवन निर्माण (फर्निचरसमेत) को लागि तत्कालिन जिल्ला शिक्षा कार्यालय, कालिकोट र श्री कालिका माध्यामिक विद्यालय पुलाँहा, कालिकोट बीच जम्मा लागत इस्टिमेट रकम रु.३७,६८,०००।-, जनश्रमदानबाट बेहोर्नु पर्ने ५% भनी विभिन्न शर्तहरु राखी २०७५ जेष्ठ मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७४।१०।१७ गते जिल्ला शिक्षा कार्यालयको तर्फबाट विष्णुप्रसाद तिवारी, जसिप्रसाद चौलागाई र अनिलकुमार बिष्ट र विद्यालय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष सन्तोष बुढा र प्रधानाध्यापक पदम बहादुर बुचा बिच सम्झौता भएको देखिन्छ भने उक्त भवन निर्माणको जिम्मा विद्यालय व्यवस्थापन समितिका सदस्य वीरजन भण्डारीलाई दिने गरी मिति २०७५/०४/२१ गते विद्यालय व्यवस्थापन समितबाट निर्णय गरी प्रतिवादी विरजन भण्डारीलाई जिम्मा दिएको देखिन्छ। उक्त भवन निर्माण योजनाको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदनमा भवनमा १२ वटा पिलर भई निर्माण भएको, Long Wall २ वटा र Short Wall ४ वटा भएको, भवनको झ्याल तथा भेन्टिलेशनमा ग्रिल (सरिया) भएको, भवनको ४ वटा Room मा Furniture Work भएको, भवनको Ceiling and Slap मा पलाष्टर भएको भन्ने समेत उल्लेख भई उल्लेखित कार्यको समेत रकम भुक्तानी भएकोमा अख्तियार दुरुपयोग आयोगबाट खटिएको प्राविधिक सहितको टोलीले पेस गरेको स्थलगत नापजाँच प्रतिवेदनबाट उक्त भवनमा ९ वटा मात्र पिलर भई निर्माण भएको, Long Wall २ वटा र Short Wall ३ वटा मात्र भएको, भवनको झ्याल तथा भेन्टिलेशनमा कुनै पनि ग्रिल (सरिया) नभएको, भवनको ४ वटा Room मा कुनै पनि Furniture Work नभएको, भवनको Ceiling and Slap मा कुनै पनि पलाष्टर नभएको र सो बमोजिम नापजाँच गर्दा रकम रु. ८,५१,३९२।६९ (आठलाख एकाउन्न हजार तीनसय बयानब्बे रुपैंया उन्सहत्तरी पैसा) बराबरको काम नै नगरी बढी भुक्तानी दिए/लिएको देखिन्छ।विद्यालय भवन निर्माणको जिम्मा लिएका प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बिगो बमोजिम जरिवाना गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन साथै निज प्रतिवादीहरु हिक्मत प्याकुरेल, माधवकुमार भट्ट र राज बहादुर बमले भए गरेको कार्य भन्दा बढि काम गरेको देखाई बदनयतपूर्वक गलत नापी किताव र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने, पेश गर्ने, स्वीकृतिको लागि सिफारिस गर्ने समेतका कार्य गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर समेत गरेकोले निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन,<br>•**प्रतिवादी कालिका मा.वि. पुलाहाँ, कालिकोटको भवन निर्माणको जिम्मेवारी लिएका विद्यालय व्यवस्थापन समिति सदस्य वीरजन भण्डारीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरको ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमक मतियारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई बिगो रु.८,५१,३९२।६९ (अक्षेरुपि आठ लाख एकाउन्न हजार तीन सय बयानब्वे रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिम मुख्य कसूरदारलाई हुने सजाय सरह नै सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुन,<br>•**प्रतिवादी कालिका मा.वि पुलाहाँ, कालिकोटको विद्यालय व्यवस्थापन समितिको भूतपूर्व अध्यक्ष सन्तोष बुढा र सोही विद्यालयका लेखापाल बिशाल भण्डारीले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.२,००,०००।—कायम गरी सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सजाय गरी बिगो असुलउपर हुन समेतको मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर भएको देखिन्छ। | परीक्षणबाट बेरुजु कायम भएको र उक्त रकम फछ्र्यौटको लागि तत्कालीन प्रधानाध्यापक प्रतिवादी पदम बहादुर बुचाले सन्तोष बुढालाई पत्राचार गरे बमोजिम निज सन्तोष बुढाले कालिका माध्यामिक विद्यालय पुलाहाँको नविल बैंकमा रहेको खाता नं.७५०१०१७५०००२१ मा साँवा ब्याज सहित रु. ३,३०,०००।-(तीन लाख तीस हजार रुपैयाँ) इश्वि सम्बत् ०२-०७-२०२४ मा जम्मा गरेको भन्ने सो बैंकको Cheque Deposit Confirmation र कालिका माध्यामिक विद्यालयको मिति २०८१।०३।१९ को च.नं.२२ को पत्रबाट समेत देखिन आएको। | विरजन भण्डारीसमेतले विद्यालयको भवनको Drawing & Design, लागत अनुमान र सम्झौता विपरित निर्माण गरी Drawing & Design, लागत अनुमान र सम्झौता अनुरुप निर्माण भएको छ भनी ढाँटी, छली वा झुक्याई गलत कार्य सम्पन्न प्रतिवेदन दिने तथा विलभर्पाई पेश गरी रकम निकासा गरि लिने कार्य विल्कुल नैतिक र चरित्रवान मान्न सकिदैन विद्यालय भवनको Drawing & Design, लागत अनुमान र सम्झौता विपरित भवन बनाएको र फर्निचर नबनाएको अवस्थामा भवन तथा फर्निचर समेत बनाएको भनी कार्य सम्पन्न प्रतिवेदन दिने, सोही बमोजिम नापि किताबमा चढाई बिलभर्पाई प्रमाणित गरी भुक्तानी लिने दिने समेतको बदनियतपूर्ण कार्यमा अन्य मुख्य कसुरदार प्रतिवादीहरु पदम बहादुर बुचा समेतसँग मिलेमतो गरी नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुर्याउने र आफु समेतले लाभ प्राप्त गर्ने नियतले राखी मतियार भई रु.८,५१,३९२।६९ रकम हानीनोक्सानी पुर्याएको पुष्टि भएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदन तथा मुचुल्कालाई समर्थित हुने गरी प्रतिवेदकहरु प्रकाश रावत र अनिल के.सी., दिपेन्द्र कुमार खत्री र राजेश उलकसमेतले अदालत समक्ष बकपत्र गर्दा स्थलगत मुचुल्का र प्रतिवेदनमा भएको बेहोरा र सोमा भएको सहीछाप आफ्नै हो भनी बकपत्र समेत गरीदिएको देखिंदा उक्त बकपत्र समेतलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गर्नु पर्नेमा सो प्रमाणलाई अनदेखा गरि प्रतिवादी वीरजन भण्डारीलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहि बदर भागी छ।<br>•**प्रतिवादीहरु कालिका मा.वि.पुलाहाँ,कालिकोटका तत्कालिन विद्यालय व्यवस्थापन समिति अध्यक्ष सन्तोष बुढा, प्रधानाध्यापक पदम बहादुर बुचा र लेखापाल बिशाल भण्डारीको हकमाः** प्रतिवादी सन्तोष बुढाले लिएको रकम रु.२,००,०००।- का सम्बन्धमा आरोपपत्र दायर हुनु भन्दा अगाडी नै लेखा परीक्षणबाट बेरुजु कायम भएको र उक्त रकम विद्यालयको नविल बैंकमा रहेको खाता नं.७५०१०१७५०००२१ मा साँवा ब्याज सहित जम्मा गरेको भन्ने आधारको सम्बन्धमा हेर्दा, श्री कालिका माध्यामिक विद्यालय पुलाँहाको भु.पू. विद्यालय व्यवस्थापन समिति अध्यक्ष सन्तोष बुढा समिति अध्यक्ष भएकै बेला मिति २०७४।१०।२५ मा शिक्षाको ब्लक २ बर्षे परेको र उक्त ब्लकका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **अदालतको फैसला**<br>•कालिका माध्यमिक विद्यालयको भवन निर्माणको क्रममा वास्तविक रुपमा फिल्डमा भएको कार्य भन्दा रु.८,५१,३९२।६९ (आठ लाख एकाउन्न हजार तीन सय बयानब्बे रुपैयाँ उनान्सत्तरी पैसा) मूल्य बराबरको बढी काम भएको भनी नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिने लिने कार्य गरी **प्रतिवादीहरु पदमबहादुर बुचा, माधवकुमार भट्ट, हिक्मत प्याकुरेल र राजबहादुर बमले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) को कसूर गरेको देखिँदा सो कसूरमा निज प्रतिवादीहरुलाई सो ऐनको दफा ८ को उपदफा (१) बमोजिम जनही ३ (तीन) महिना कैद र बिगोको दामसाहीले हुने जनही रु.२,१२,८४८।१७ (दुई लाख बाह्र हजार आठ सय अठचालिस रुपैयाँ सत्र पैसा) जरिबाना हुने साथै निज प्रतिवादीहरुबाट बिगोको दामासाहीले हुने जनही रु.२,१२,८४८।१७ (दुई लाख बाह्र हजार आठ सय अठचालिस रुपैयाँ सत्र पैसा) असुल उपर हुने<br>•**प्रतिवादीहरु मानबहादुर भण्डारी, माधवकुमार भट्ट, हिक्मत प्याकुरेल र राजबहादुर बमले** सो ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेको देखिँदा सोही दफा १९ को उपदफा (२) बमोजिम जनही ३(तीन) महिना कैद र रु.१०,०००।— (दश हजार रुपैयाँ) जरिबाना हुने ठहर्छ।<br>•**प्रतिवादी वीरजन भण्डारीले** उक्त ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसूर गर्ने प्रतिवादीहरुसँग मिलोमतो गरी कुनै लाभ लिएको भन्ने पुष्टि भएको नदेखिँदा प्रतिवादी वीरजन भण्डारीले मतियारको आरोपदाबीबाट सफाइ पाउने ठहर्छ। रु.२,००,०००।- (दुई लाख रुपैयाँ) हानिनोक्सानी गरेको भनी **प्रतिवादीहरु पदमबहादुर बुचा, विशाल भण्डारी र सन्तोष बुढाले** सो | | लागी बत्तिस लाख रकमलाई छत्तीस लाख गराईदिन्छु भनी मान्मा हुदैं काठमाडौंसम्म पुग्दा लागेको खर्च रु.२,००,०००।- (दुईलाख रुपैयाँ) खर्च लागेको भनी निवेदन दिएको र सोही बमोजिम निज प्रध्यानाध्यपक पदम बहादुर बुचा र लेखापाल विशाल भण्डारीले बिल भरपाई समेत केही पेस नगरी भएको खर्च असुल उपर गरी पाउँ भनी दिएको निवेदनकै आधारमा रु. २,००,०००।- (दुई लाख रुपैंया) भुक्तानी दिएको उक्त विद्यालयको नामको बैंक खाताको बैंक स्टेटमेण्टबाट देखिन्छ।यी प्रतिवादीहरुले उक्त रकम भुक्तानी दिए/लिएकोमा अनुसन्धान तथा अदालत समक्ष बयान गर्दा स्वीकार गरेको देखिन्छ भने प्रस्तुत मुद्दामा यस आयोगको कार्यालयमा उजुरी दर्ता भई अनुसन्धानको क्रममा रहेको अवस्थामा विद्यालयमै गठन गरिएको सामाजिक लेखा परिक्षणबाट वेरुजु उठाउन लगाई कसुरबाट उन्मुक्ति लिनको लागि रकम बुझाएतापनी निज प्रतिवादीहरुले बदनियतपूर्वक उक्त रकम भुक्तानी लिई/दिई नेपाल सरकारलाई हानिनोक्सानी पुर्याएको पुष्टि हुँदा हुँदै सम्मानित *श्री सर्वोच्च अदालतबाट प्रदिपकुमार नकर्मी विरुद्ध नेपाल सरकार (ने.का.प.२०७७, अंक १, निर्णय नं.१०४१५) मा "कुनै कसुर गरेको कारण कानुनमै देवानी र फौजदारी दुवै दायित्व बहन गर्नुपर्ने भनी उल्लेख भएको अवस्थामा केवल देवानी दायित्व पुरा गरेका कारणले मात्र फौजदारी दायित्वबाट उन्मुक्ति पाउने भनी अर्थ गर्न मिल्दैन।*फौजदारी कसुरमा *कसुरदारले बहन गर्नुपर्ने देवानी र फौजदारी दायित्वहरु फरक फरक दायित्वहरु हुन। कानूनी व्यवस्थाले नै देवानी र फौजदारी दुवै दायित्वहरु बाध्यकारी हुने भनी उल्लेख गरेको अवस्थामा ऐच्छिक रुपमा देवानी वा फौजदारी दायित्वमध्ये कुनै एक दायित्व बहन गर्दा पर्याप्त हुने भनी व्यख्या गर्न नमिल्ने..."* भन्ने समेतका नजिर सिद्धान्त प्रतिपादन भएको अवस्थामा उक्त नजिर सिद्धान्तको प्रतिकुल हुने गरी प्रतिवादीले आयोगमा उजुरी परेपछी रकम बुझाएकै आधारमा निजहरुलाई फौजदारी दायित्वबाट उन्मुक्ति दिने गरी आरोप दावीबाट सफाई दिने गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिंदा बदर भागी छ।<br>•अतः माथि विवेचित आधार प्रमाण र कारण समेतबाट **प्रतिवादीहरु विरजन भण्डारी, सन्तोष बुढा, पदम बहादुर बुचा र बिशाल भण्डारीलाई** आरोपित कसूर गरेको पुष्टि हुँदा हुँदै **पदमबहादुर बुचाको** हकमा आंशिक दावी पुग्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐनको दफा १७ को कसूर गरेको भन्ने आरोपदाबीको सम्बन्धमा सो रकम आरोपपत्र दायर हुनु भन्दा अगाडी नै लेखा परीक्षणबाट बेरुजु कायम भएको र सो बेरुजु रकम असुल गर्न पत्राचार भई आरोपपत्र दायर भएपछि उक्त बेरुजु रकमको साँबा ब्याजसमेत असुल भई सकेको देखिँदा उक्त दफा १७ बमोजिमको कसूरको हकमा निज प्रतिवादीहरुले सफाइ पाउने ठहर्छ भनी मिति २०८१/०८/०५ मा विशेष अदालतबाट फैसला भएको अवस्था छ।<br>• **प्रतिवादीहरु मान बहादुर मण्डारी, माधवकुमार भट्ट, हिक्मत प्याकुरेल र राजबहादुर बमको हकमा आरोपदावी बमोजिमको कसुर कायम गरी सजाय गरेको देखिंदा निजहरुको हकमा पुनरावेदन गरिरहनु परेन।** | | र अन्य प्रतिवादीहरु **विरजन भण्डारी, सन्तोष बुढा र बिशाल भण्डारीलाई** आरोप दावीबाट सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |